# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १० प्रकाशन मितिः २०७६/१०/१६


# भाग २

## त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## जनजाती कोष परिचालन कार्यविधि, २०७६


गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०९/२५

प्रमाणिकरण मितिः २०७६/१०/१५


### प्रस्तावना

नेपाल एक बहुजातीय, बहुभाषिक एवं सांस्कृतिक विविधताले भरिएको मूलुक हो । कूल जनसंख्याको करिब ३९.४ प्रतिशत ओगट्ने आदिवासी जनजातीहरु विकासको मूलप्रवाहमा आउन नसकेकोले राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार, समानता र जातीय विभेद उन्मुलनका पक्षमा गरेका प्रतिवद्धताहरुको पालनाका लागि यो समुदायको समग्र विकासमा सबै

सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको ध्यान जानु आवश्यक भएकोले नेपालको संविधान, २०७२ ले समावेशी विकासको आवश्यकतालाई महसुस गरेको छ ।

यसै परिप्रेक्ष्यमा मानव अधिकार, स्वतन्त्रता, समानता र समावेशी विकासको माध्यमबाट यो वर्गलाई विकासको मूलप्रवाहमा ल्याउन, उत्पादनमूलक व्यवसायमा अवद्ध गरी जीविकोपार्जनमा टेवा पुऱ्याउन तथा सीपमूलक तालिमको माध्यमबाट रोजगारीमा पहुँच स्थापित गरी सम्मानपूर्वक जीवनयापन गर्न सक्ने अवस्था सिर्जना गर्न उत्पीडित र विपन्न जनजाती समुदायको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनमा क्रियाशिल रहेका जनजाती समूह वा संस्थालाई साझेदारीमा अनुदान रकम उपलब्ध गराउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाद्धारा **जनजाती कोष परिचालन कार्यविधि, २०७६** स्विकृत गरी लागु गरिएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “जनजाती कोष परिचालन कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) “जनजाती” भन्नाले निश्चित बसोबास क्षेत्र, समूहिकता, विशिष्टि पहिचान र इतिहास भएका, आफ्नै भाषा, संस्कृति, पम्परा, मुल्य मान्यता रहेका तथा आर्थिक, सामाजिक र राजनीतिक दृष्टिले समाजमा पिछडिएका आदिवासी/जनजाती उत्थान प्रतिष्ठान ऐन, २०५८ ले सूचिकृत गरेका ५९ जातीका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले यस कार्यविधिको बुँदा नं. ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँपालिका स्तरीय जनजाती कोष सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनु पर्दछ ।

(घ) “गाउँ कार्यपालिका” भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “गाउँ कार्यपालिकाको कार्यालय” भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) “अध्यक्ष” भन्नाले त्रिवेणी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) “उपाध्यक्ष” भन्नाले त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ज) “वडा कार्यालय” भन्नाले त्रिवेणी गाउँपालिका अन्तर्गत रहेका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "लेखा प्रमुख" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयको लेखा शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "कार्यक्रम शाखा प्रमुख" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयको कार्यक्रम शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ठ) "महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ड) "प्रस्ताव मुल्यांकन तथा सुपरीवेक्षण समिति" भन्नाले यस कार्यविधिको बुँदा नं. ८ मा उल्लेख गरिए बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ढ) "परियोजना वा कार्यक्रम प्रस्तावना" भन्नाले जनजाती कोषबाट अनुदान लिई आफ्नो रकम समेत लगानी गरी कुनै व्यवसाय वा सीपमूलक तालिम सञ्चालन गर्न जनजाती समूह वा संस्थाद्धारा तयार गरिएको प्रस्ताव र सोसँग सम्बन्धित चल अचल सम्पत्ति समेतलाई सम्झनु पर्दछ ।

(ण) "जनजाती समूह वा संस्था" भन्नाले सामाजिक र आर्थिक दृष्टिले पिछडिएका विपन्न जनजाती समुदायका व्यक्तिहरुको आयआर्जनमा अभिवृद्धिका लागि उत्पादनमूलक तथा सीपमूलक परियोजना वा कार्यक्रम सञ्चालन गर्न जनजाती कोषसँग सम्झौता गरेका जनजाती समुदाय उत्थानको क्षेत्रमा काम गर्ने जनजाती समूह वा संस्थालाई सम्झनु पर्दछ ।

(त) "तोके वा तोकिए बमोजिम" भन्नाले जनजाती कोष परिचालन कार्यविधिले तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद - २
## कोषको स्थापना, अवधारणा, लक्ष्य, उद्देश्य तथा वित्तीय व्यवस्थापन

४. **कोषको स्थापना :** त्रिवेणी गाउँपालिकामा जनजाती कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

५. **अवधारणा :** आर्थिक तथा सामाजिक रुपले पछाडी परेका जनजाती समुदायका विपन्न व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गर्दै समुदायमा पुनर्स्थापना गर्न, उत्पादनमूलक व्यवसायमा अवद्ध गरी जीविकोपार्जनमा टेवा पुऱ्याउन र सीपमूलक तालिमको माध्यमबाट रोजगारीमा पहुँच स्थापित गरी त्यस्ता व्यक्तिहरुको सामाजिक, आर्थिक सशक्तिकरण तथा रुपान्तरणमा टेवा पुऱ्याउनका लागि त्रिवेणी गाउँपालिकाबाट यस कोषको स्थापना गरिएको छ ।

६. **लक्ष्य :** त्रिवेणी गाउँपालिकामा रहेका जनजाती समुदायका व्यक्तिहरुलाई उत्पादनमुखी र सीपयुक्त बनाउँदै राज्यका लाभ वितरणमा एकरुपता ल्याई स्थानीय शासनको सखानुभुति प्रदान गर्नु यस कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य :**

(अ) जनजाती समुदायका विपन्न व्यक्तिहरुको आर्थिक सामाजिक रुपान्तरण गर्ने ।

(आ) आर्थिक सामाजिक रुपान्तरणका माध्यमबाट जनजाती समुदायका व्यक्तिहरुलाई राज्यको मूलप्रवाहमा ल्याउने ।

(इ) जनजाती समुदायका विपन्न व्यक्तिहरुको व्यवसायिकता प्रवर्द्धन गरी समाजको समावेशी क्षमता विकासमा टेवा पुऱ्याउने ।

(ई) जनजाती समुदायका व्यक्तिमा सामूहिक प्रयासका माध्यमबाट समस्या समाधानका सीपहरु विकास गर्ने ।

(उ) जनजाती समुदायका व्यक्तिहरुलाई विभिन्न सीपमूलक तालिम प्रदान गरी रोजगारीमा पहुँच स्थापित गर्नु ।

**८. कोषको वित्तिय व्यवस्थापन :** यस कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्-

(क) त्रिवेणी गाउँपालिकाबाट यस कोषका लागि विनियोजन हुने रकम ।

(ख) प्रदेश सरकार तथा संघीय सरकारबाट यस कोषमा प्राप्त हुने रकम ।

(ग) कोषमा गाउँपालिकामा कार्यक्षेत्र भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

## परिच्छेद - २
## अनुदान कार्यक्रम सञ्चालन र निकासा प्रक्रिया

**९. अनुदान कार्यक्रम सञ्चालन गरिने वडाहरु :** यस कार्यविधि बमोजिमको अनुदान कार्यक्रम त्रिवेणी गाउँपालिकाका ७ वटै वडामा सञ्चालन गरिनेछ ।

**१०. अनुदान कार्यक्रममा सहभागी हुनका लागि प्रस्ताव आह्वान गर्नुपर्ने :** गाउँ कार्यपालिकाको कार्यालयले अनुदान कार्यक्रममा साझेदारी गरी परियोजना वा कार्यक्रम सञ्चालन गर्न इच्छुक जनजाती समुदायको उत्थानका क्षेत्रमा काम गर्ने जनजाती समूह वा संस्थाहरुले परियोजना वा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी कम्तिमा १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

**११. परियोजना वा कार्यक्रम प्रस्तावना पेश गर्नुपर्ने :** सम्बन्धित जनजाती समूह वा संस्थाले त्रिवेणी गाउँपालिकाबाट सूचना प्रकाशित भए बमोजिमको अनुदान कार्यक्रममा सहभागी हुनका लागि यस कार्यविधिको दफा (५) बमोजिमका कागजातहरु संलग्न राखी परियोजना वा कार्यक्रम प्रस्तावना गाउँ कार्यपालिकाको कार्यालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा पेश गर्नु पर्नेछ ।

**१२. प्रस्ताव मुल्यांकन तथा सुपरीवेक्षण समितिमा पेश गर्नुपर्ने :** म्याद भित्र प्राप्त भएका रित पुगेका परियोजना वा कार्यक्रम प्रस्तावना सहितको निवेदन फाईल महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखले यस कार्यविधिको दफा (२२) बमोजिम गठित समितिमा पेश गर्नु पर्नेछ । उक्त समतिको बैठकले जनजाती समूह वा संस्थाले पेश गरेका अनुदान साझेदारी सम्बन्धी

परियोजना वा कार्यक्रम प्रस्तावना तथा अन्य कागजात समेतको अध्ययन गरी अनुदान प्राप्त गर्न उपयुक्त जनजाती समूह वा संस्था छनौट गर्नु पर्नेछ ।

१३. **छनौट भएका जनजाती समूह वा संस्थाले सम्झौता गर्नुपर्ने :** यस कार्यविधिको दफा (१२) बमोजिम परियोजना वा कार्यक्रम प्रस्तावना स्विकृत भएका जनजाती समूह वा संस्थाले गाउँपालिकामा उपस्थित भई कार्यक्रम शाखामा अनुदान सम्झौता गर्नु पर्नेछ । गाउँपालिकामा जुन परियोजना वा कार्यक्रमको लागि सम्झौता भएको हो सोही अनुसार परियोजना वा कार्यक्रम गर्नु पर्नेछ । सम्झौतानुसार नगरेमा गाउँपालिकामा भुक्तानी गर्न बाध्यकारी हुने छैन ।

१४. **तोकिए बमोजिम काम गर्नुपर्ने :** यस कार्यविधिको दफा (१३) बमोजिम अनुदान सम्झौता गरेका जनजाती समूह वा संस्थाले स्विकृत परियोजना वा कार्यक्रम प्रस्तावना तथा अनुदान सम्झौतामा तोकिए बमोजिम कामकाज गरी सोको बिल, भरपाई तथा सो प्रमाणित गर्ने अन्य कागजातहरु गाउँपालिकामा पेश गरेपश्चात सोही अनुसार अनुदान रकम निकासा हुनेछ ।

१५. **अनुदान भुक्तानी अवधि :** (१) यस कार्यविधि बमोजिम भुक्तानी दिइने रकमको भुक्तानी अवधि चालु आर्थिक वर्षसम्म हुनेछ । चालु आर्थिक वर्षमा अनुदानका लागि विनियोजित रकम खर्च हुन नसकेमा उक्त रकम फ्रिज हुनेछ ।

(२) यस्तो अनुदानको भुक्तानी गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

## परिच्छेद - ३
## अनुदान कार्यक्रममा सहभागी हुन पेश गर्नुपर्ने कागजतातहरु

१६. **कागजात पेश गर्नुपर्ने :** जनजाती समूह वा संस्थाले अनुदान कार्यक्रममा सहभागी हुन यस कार्यविधिको अनुसूचि १ बमोजिमको निवेदन सहित देहायका कागजातहरु पेश गर्नु पर्नेछ :

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ख) गाउँपालिकामा दर्ता भएका जनजाती समूह वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ग) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र, गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(घ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।

(ङ) गत आर्थिक वर्षमा अनुदान प्राप्त भएको अवस्थामा सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन र बेरुजु स्थितिको विवरण ।

(च) गत आर्थिक वर्षसम्मको कुल आयव्यय र चालु आर्थिक वर्षमा प्राप्त गर्ने सुनिश्चित भएको स्रोतको विवरण ।

(छ) अनुदान कार्यक्रममा सहभागी हुने इच्छुक जनजाती समूह वा संस्थाको विधान तथा कार्य समितिको सोही विषयको निर्णय प्रतिलिपी ।

(ज) एकाइगत लागत प्रष्ट खुलेको परियोजना वा कार्यक्रम प्रस्तावना तथा सोको कार्यान्वयन कार्ययोजना ।

## परिच्छेद - ४
## अनुदान शर्त सम्बन्धी व्यवस्था

१७. **अनुदान शर्त :** (१) जनजाती समूह वा संस्थाले यस कार्यविधिको दफा (११) बमोजिम ५०% आफ्नो लगानी र ५०% गाउँपालिकाको अनुदान साझेदारी रहने गरी परियोजना वा प्रस्तावना बनाउनु पर्नेछ ।

(२) जनजाती समूह वा संस्थालाई उपलब्ध हुने अनुदान रकम कार्यविधिको यस अनुसूची २ बमोजिमका उत्पादनमूलक, सीपमूलक र अनुसन्धानमूलक क्षेत्रमा मात्रमा लगानी गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो सोही उद्देश्यका लागि मात्र उपयोग गर्नु पर्नेछ । उपलब्ध गराइएको अनुदानको रकमबाट ती समूह वा संस्थाले आफ्नो वडाका बढी भन्दा बढी टोलमा सेवा प्रवाह गर्नेगरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१८. **बैंक खाता सञ्चालन :** (१) यस कार्यविधि बमोजिम अनुदान स्वरुप प्रदान गरिएको रकम प्रयोजनको लागि जनजाती समूह वा संस्थाले नेपाल इन्भेष्टमेन्ट बैंक, जुगारमा खाता खोल्नु पर्नेछ ।

(२) यसरी प्राप्त अनुदान रकम सम्बन्धित जनजाती समूह वा संस्थाले पेश गरेको खर्च बिल भरपाईको मुल्यांकन तथा परीक्षण पश्चात उक्त खाता मार्फत प्राप्त गर्न सकिनेछ ।

(३) जनजाती समूह वा संस्थाको खाता सञ्चालन समूह वा संस्थाको कार्य समितिको अध्यक्ष र कोषाध्यक्ष गरी दुई जनाको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ ।

१९. एउटै जनजाती समूह वा संस्थालाई एउटै आर्थिक वर्षमा दोहोरो पर्नेगरी अनुदान कार्यक्रममा सहभागी गराइने छैन ।

## परिच्छेद - ५
## प्रस्ताव मुल्यांकन तथा सुपरीवेक्षण समिति सम्बन्धी व्यवस्था

२०. परियोजना वा कार्यक्रम सञ्चालन गर्ने जनजाती समूह वा संस्थाको छनौट गर्न तथा स्विकृत परियोजना वा कार्यक्रमको अनुगमन, मुल्यांकन तथा सुपरीवेक्षण गर्न गाउँपालिकाको अध्यक्ष संरक्षक रहेको देहाय बमोजिमको ७ सदस्यीय प्रस्ताव मुल्यांकन तथा सुपरीवेक्षण समिति रहनेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक
(ख) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य
(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) संरक्षकले तोकेको कार्यपालिकाको जनजाती सदस्य - सदस्य
(ङ) गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य - सदस्य
(च) गाउँपालिकाको कार्यक्रम शाखा प्रमुख - सदस्य
(छ) गाउँपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

**२१. प्रस्ताव मुल्यांकन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

(क) अनुदान प्राप्त गर्नका लागि पेश भएका परियोजना वा कार्यक्रम प्रस्तावनाको तुलनात्मक अध्ययन र मुल्यांकन गरी उपयुक्त जनजाती समूह वा संस्थाको छनौट गर्नु ।

(ख) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरेका जनजाती समूह वा संस्थाले तोकिएको उद्देश्य, क्षेत्र र स्थानमा स्विकृत परियोजना वा कार्यक्रम प्रस्तावना बमोजिम कार्य गरे नगरेको सम्बन्धमा निरन्तर अनुगमन, मुल्यांकन तथा सुपरीवेक्षण गर्नु ।

(ग) अनुगमनको समयमा कुनै अनियमितता भएको पाइएमा त्यसको निराकरण एवं कारबाहीको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्नु ।

(घ) अनुगमन प्रतिवेदन तयार गरी अभिलेख राख्नु ।

## परिच्छेद - ६
## खर्च प्रक्रिया, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन सम्बन्धी व्यवस्था

**२२. खर्च प्रक्रिया, अनुमगन र मुल्यांकन :** (१) यस कार्यविधि बमोजिमको अनुदान कार्यक्रममा छनौट भएका जनजाती समूह वा संस्थाले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित ऐन, नियमावलीको अधिनमा रही खर्च गर्नु पर्नेछ ।

(२) अनुदान प्राप्त भएको रकम मापदण्ड अनुरुप खर्च भए नभएको विषयमा यस कार्यविधिको दफा (२०) बमोजिम गठित समितिले निरन्तर अनुगमन, मुल्यांकन तथा सुपरीवेक्षण गर्नु पर्नेछ ।

(३) निकासा भएको रकम तोकिएको उद्देश्य, क्षेत्र र स्थानमा प्रचलित कानुन बमोजिम भए नभएको सम्बन्धमा वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले समेत अनुगमन गर्न सक्नेछ ।

**२३. प्रतिवेदन पठाउनु पर्ने :** चौमासिक रुपमा आम्दानी खर्चको विवरण र समय समयमा भएको अनुगमनको प्रतिवेदन जनजाती समूह वा संस्थाले तीन वर्षसम्म त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा पठाउनु पर्नेछ ।

## परिच्छेद - ७
## कारबाही सम्बन्धी व्यवस्था

**२४. अनुदानको उद्देश्य अनुसार अनुदान रकमको उचित कार्यान्वयन नगरेमा हुने कारबाही :** (१) अनुदान लिने जनजाती समूह वा संस्थाले अनुदानको उद्देश्य बमोजिम उचित परिचालन नगरेमा गाउँपालिकाले देहाय बमोजिमको कारबाही गर्न सक्नेछ ।

(क) कालो सूचिमा राख्न ।

(ख) समूह वा संस्थाको चल खचल सम्पति बिक्री गर्न बन्देज लगाउन सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) समूह वा संस्थाको बैंक ता वित्तिय संस्थाहरुमा रहेको खाता रोक्का गर्न ।

(घ) अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्न ।

(ङ) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट उपलब्ध हुने सबै किसिमका सुविधाबाट वञ्चित गर्न ।

(२) जनजाती समूह वा संस्थालाई उपयुक्त बमोजिम कारबाहीको लागि कुनै पनि सम्बन्धित निकायमा सिफारिस गरेमा सम्बन्धित निकायले उल्लेखित सिफारिस तुरुन्त कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद - ८
## विविध

**२५. गुनासो तथा उजुरीको सम्बन्धमा :** अनुदान प्राप्त गरेको जनजाती समूह वा संस्थाले प्रचलित कानून एवं यस कार्यविधि बमोजिम अनुदानको उचित उपयोग नगरेको भन्ने विषयमा उजुरी परेमा यस कार्यविधिको दफा (६) बमोजिम गठन भएको समितिले तत्काल अनुगमन गरी आवश्यक कारबाही अगाडी बढाउन सक्नेछ ।

**२६. आवर्ती कोषको रुपमा रहने :** यस कोषलाई आवर्ती कोषको रुपमा सञ्चालन गरिनेछ ।

**स्पष्टिकरण :** यस दफाको प्रयोजनको लागि आवर्ती कोष (रिभल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनः पूर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनु पर्दछ ।

**२७. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२८. संशोधन, खरेजी तथा बचाउ :** यस कार्यविधिमा आवश्यकतानुसार त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले थपघट वा संशोधन तथा खारेज गर्न सक्नेछ । यस कार्यविधि कार्यान्वय गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

# अनुसूची १

## अनुदान कार्यक्रममा सहभागी हुनको लागि पेश गर्नुपर्ने निवेदन फारम

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय, जुगार, रोल्पा ।

विषय : अनुदान कार्यक्रममा सहभागी गराई पाउँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको च. नं. ............. मिति ........................ को अनुदान कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचनानुसार रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ........... मा देहायको परियोजना वा कार्यक्रम सञ्चालन गर्ने गरी तहाँ कार्यालयमा दर्ता भएको यस .................................................... जनजाती समूह वा संस्थालाई उक्त अनुदान कार्यक्रममा सहभागी गराइ पाउँ भनि तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी, शर्तहरु मञ्जुर गरी यो निवेदन पेश गर्दछु ।

**तपसिल**

१. सञ्चालन गर्न चाहेको परियोजना/कार्यक्रमको नाम : ......................................................................
२. परियोजना वा कार्यक्रम संचालन गर्ने स्थान : .................................... ३. फोन नं. : ............................
४. यस निवेदनसाथ संलग्न कागजातहरु :
- (क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- (ख) अनुदान कार्यक्रम सञ्चालन भएको भन्दा कम्तिमा अघिल्लो आर्थिक वर्षमा गाउँपालिकामा दर्ता भई चालु आर्थिक वर्षमा नविकरण भएको जनजाती समूह वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- (ग) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र, गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- (घ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
- (ङ) गत आर्थिक वर्षमा अनुदान प्राप्त भएको अवस्थामा सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन र बेरुजु स्थितिको विवरण ।
- (च) गत आर्थिक वर्षसम्मको कुल आयव्यय र चालु आर्थिक वर्षमा प्राप्त गर्ने सुनिश्चित भएको स्रोतको विवरण ।
- (छ) अनुदान कार्यक्रममा सहभागी हुने इच्छुक जनजाती समूह वा संस्थाको विधान तथा कार्य समितिको सोही विषयको निर्णय प्रतिलिपी ।
- (ज) एकाइगत लागत प्रष्ट खुलेको परियोजना वा कार्यक्रम प्रस्तावना तथा सोको कार्यान्वयन कार्ययोजना ।

५. देहायकका अनुदान शर्त मान्न राजी छौं :
- (क) अनुदान रकम परियोजना वा कार्यक्रम प्रस्तावना र सम्झौतामा उल्लेखित प्रयोजनमा खर्च गर्नेछौं ।
- (ख) कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा तीन वर्षसम्म पेश गर्नेछौं ।
- (ग) कार्यविधिले तोकेका अन्य शर्त उल्लंघन गरेमा कारबाही भाग्न मञ्जुर छौं ।

६. उपरोक्त विवरण झुटा ठहरेमा प्रचलित कानून वमोजिमको कारबाही सहुँला बुझाउँला ।

निवेदकको,
नाम : ................................................................ पद : ................................................
समूह वा संस्थाको नाम : ............................................ ठेगाना : ...........................................
दस्तखत : .......................................................... समूह वा संस्थाको छाप : .......................

## अनुसूची २

## कार्यविधिको दफा (१७) सँग सम्बन्धित

**उत्पादनमूलक तथा सीपमूलक लगानीका क्षेत्रहरु :**

१. च्याउ खेती, तरकारी खेती, फलफुल खेती, जडिबुटी खेती, बिउबिजन उत्पादन ।
२. सामुहिक बाख्रापालन, कुखुरा पालन (लोकल, ब्रोइलर, गिरिराज र लेयर्स), मौरीपालन, उन्नत जातका गाई, भैंसी तथा बुंगर पालन, माछापालन ।
३. मुढा बुनाई, सिलाई कटाई, कपाल कटाई, जुत्ता चप्पल सिलाई बनाई, जालि रुमाल तथा लेस बुनाई, अन्य घरेलु उद्योग ।
४. मोबाइल मर्मत, मोटरसाईकल मर्मत, फोटोकपी मेसिन मर्मत ।
५. डेरी उद्यम, फलफूल प्रशोधन, हरित गृह निर्माण, कोसेली घर निर्माण ।
६. आदिवासी/जनजातीहरुको उत्पत्ति, भाषा, संस्कृति, भेषभूषा आदी सम्बन्धमा खोज अनुसन्धानकर्ता, संस्कृतिविद्, समाजशास्त्री, मानवशास्त्री तथा इतिहासविदहरुसँग अन्तरक्रिया तथा प्रशिक्षण ।
७. गाउँपालिकाले तोकेको अन्य क्षेत्र ।

## अनुसूची ३

## आदिवासी/जनजातीहरुको विवरण

| | | | |
|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुशवाडिया | ४. कुशुण्डा |
| ५. गनगाई | ६. गुरुङ | ७. चेपाङ | ८. छन्त्याल |
| ९. छैरोतन | १०. जिरेल | ११. झांगड | १२. डोल्पो |
| १३. ताङवे | १४. ताजपुरिया | १५. तामाङ | १६. ह्योल्मो |
| १७. तोप्केगोला | १८. थकाली | १९. थामी | २०. थारु |
| २१. थुदाम | २२. दनुवार | २३. दराई | २४. दुरा |
| २५. हायु | २६. धिमाल | २७. नेवार | २८. पहारी |
| २९. बनकारिया | ३०. फ्री | ३१. बरामो | ३२. बाह्र गाउँले |
| ३३. बोटे | ३४. भूजेल | ३५. भोटे | ३६. मगर |
| ३७. माझी | ३८. मार्फाली थकाली | ३९. मुगाली | ४०. मेचे |
| ४१. याक्खा | ४२. राई | ४३. राउटे | ४४. राजवंशी (कोच) |
| ४५. राझी | ४६. लार्के | ४७. लिम्बु | ४८. लेप्चा |
| ४९. ल्होपा | ५०. ल्होमी | ५१. वालुङ | ५२. व्यासी |
| ५३. शेर्पा | ५४. सतार (सन्थाल) | ५५. सियार | ५६. सुनुवार |
| ५७. सुरेल | ५८. धानुक राजवंशी | ५९. तीन गाउँले थकाली | |

आज्ञाले

निम बहादुर के. सी.

प्रमुख प्रशासकीय अधिकृत